CAREERINDIA

SET – 4

Series : HRK/C

कोड नं.
Code No. **17**

रोल नं.
Roll No.

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **4** हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **8** प्रश्न हैं ।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है । प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा । 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **8** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minutes time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# संकलित परीक्षा – II

## SUMMATIVE ASSESSMENT - II

# नेपाली

## NEPALI

www.care

*निर्धारित समय : 3 घण्टे* *अधिकतम अंक : 90*

*Time allowed : 3 hours* *Maximum Marks : 90*

CAREERINDIA

***THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :***

| | | | |
|---|---|---|---|
| ***Part A :*** | *Reading Comprehension* | *(पठन बोध)* | ***10** marks* |
| ***Part B :*** | *Writing* | *(लेखन)* | ***10** marks* |
| | *Translation* | *(अनुवाद)* | ***5** marks* |
| ***Part C :*** | *Grammar* | *(व्याकरण)* | ***21** marks* |
| ***Part D :*** | *Literature* | *(साहित्य)* | ***44** marks* |

## भाग – एक

1. निम्न परिच्छेद पढ़ेर संलग्न प्रश्नहरूका उत्तर लेख्नुहोस् : **2 × 5 = 10**

संस्कृति भनेको हाम्रो मान्यताहरू हुन्, हाम्रा अभिव्यक्तिहरू जुन हाम्रा कलामा रीति, थितिमा घरको बनावट भाँड़ा–कुँड़ा, मन्दिर मूर्ति आदिमा पाउँछौं । संस्कृति भनेको हामीले हाम्रो पन–थपेको थोक हो । मादल हामीसित पनि छ, राजस्थानीहरूसित पनि छ । साधन वा माध्यम सबैको समान हुनसक्छ तर हाम्रो मादलको आकार भिन्न छ, हामीले र राजस्थानीहरूले बजाएको सुनौं, अनेक भिन्नता पाइन्छ । संस्कृतिमा त्यही भिन्नता हुन्छ । हाम्रो मादलको आकार र हाम्रो बजाइ ती हाम्रा अभिव्यक्ति हुन् । साधनमा हामीले आफ्नो थप्छौं । खड्ग सबैको थियो तर खुकुरी हाम्रो अभिव्यक्ति छ, यसैले त्यो हाम्रो संस्कृति हो । हाम्रो आमखोरामा हाम्रो आफ्नो छाप छ, त्यसमा हाम्रै बेलबुट्टा र आकार–प्रकार छन् । यी दुइमा जति भिन्नता छ त्यति ती जातिमा पनि छ । अधि–अधि जीवन यापन सहज थियो, यसैले हाम्रो गौरवमय संस्कृतिको निर्माण भयो ।

(क) उपरोक्त अंश पढ़ेर त्यसलाई सुहाउँदिलो शीर्षक दिनुहोस् ।

(ख) हाम्रो संस्कृति कसरी झल्किएको छ ?

(ग) संस्कृति भनेको के हो ?

(घ) हाम्रो गौरवमय संस्कृतिको निर्माण कसरी भयो ?

(ङ) निम्न बहुवचन शब्दलाई एकवचनमा परिणत गर्नुहोस्: –

अनेक, हाम्रो ।

## भाग – दुइ

2. विश्व पर्यावरण दिवसका अवसरमा विद्यालयमा आफ्नो श्रेणीले सचेतनामूलक कार्यक्रम आयोजन गर्ने अनुमति माग्दै प्रधानाध्यापकलाई एउटा निवेदन पत्र लेख्नुहोस् । **10**

www.careerindia.com

CAREERINDIA

3. नेपालीमा अनुवाद गर्नुहोस् । **5**

The doors and windows of our houses are to be kept open for the flow of air. Every house must have a ventilator and its entry. Houses should be surrounded by tall trees. This keeps the air cooler and minimise pollution. This is how we can keep our locality free of pollution.

## भाग – तीन

4. (क) निम्न भिन्नार्थ शब्दहरूका अर्थ लेख्नुहोस् । **2**

तिर–तीर, नाउँ–नाउँ ।

(ख) तलका शब्दहरूका दुइ–दुइवटा पर्यायवाची शब्द लेख्नुहोस् । **2**

पुष्प, अहङ्कार ।

(ग) सार शब्द लेख्नुहोस् । **2**

होम गर्दा चाहिने दाउरा

गुप्त राख्न योग्य

पति–पत्नीको जोड़ी

जो सबै कुरा खान्छ

(घ) विपरीतार्थक शब्द लेख्नुहोस् । (एक–एकवटा) **2**

अस्त, सक्रिय, आदान, खण्ड

(ङ) निम्न शब्दहरूका दुइ–दुइवटा अनेकार्थक शब्द लेख्नुहोस् । **2 × 1 = 2**

कर, दर

(च) निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् । **3 × 1 = 3**

(i) तिमीले नखाएसम्म म पनि खाँदिनँ । (संयुक्त वाक्य)

(ii) बेसी खट्नेले धेरै पैसा पाउँछ । (मिश्र वाक्य)

(iii) जसको जौ खानु उसकै जुँगा मुड्नु हुँदैन । (सरल वाक्य)

(छ) निम्न वाक्यहरूलाई निर्देश अनुसार रूपान्तर गर्नुहोस् । **4 × 1 = 4**

(i) खाना मिठो छ । (अकरण वाक्य)

(ii) तिम्रो यो काम नराम्रो छ । (करण वाक्य)

(iii) म स्कूल जान्छु । (अकरण वाक्य)

(iv) मोहन गीत गाउँदैन । (करण)

(ज) तलका अशुद्ध वाक्यलाई शुद्ध गरेर लेख्नुहोस् । **4 × 1 = 4**

(i) म विद्यालय गए ।

(ii) उनीहरू गाउँ जान्छ ।

(iii) हरिको बहिनी सानी छ ।

(iv) आज उनीहरू बजार जान्छ ।

www.careerindia.com

CAREERINDIA

## भाग – चार

5. (क) निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस् । **3 × 4 = 12**

(i) रातभरी हुरीले कालेकी आमाको घर–आँगनमा के–के नोक्सान भयो सो वर्णन गर्नुहोस् ।

(ii) डाक्टर नानो फेरस र क्लोरिनालाई खुशी राख्न किन विफल भए ?

(iii) मनले चिताएको जस्तै हुँदो हो त शायद यो जीवनको मूल्यमा पनि ह्रास् आउने थियो कि ? पठित पाठको आधारमा उक्त वाक्यको भाव स्पष्ट पार्नुहोस् ।

(ख) सप्रसङ्ग व्याख्या गर्नुहोस् । **4**

"यो बारी लिएको दिनदेखि फुर्सदको नाम छैन आफूलाई ।"

6. (क) **सत्य सन्देश** कवितामा कविले 'सत्य असत्य'–का भेद कसरी खुट्याएका छन् । स्पष्ट पार्नुहोस् । **4 × 3 = 12**

(ख) "मस्तिष्कको यो सुनको छाना
इन्द्रियहरूका द्वार
नसा–नदीको तरल तरङ्ग
मन्दिर आफू अपार ।"

(i) प्रस्तुत पंक्तिका कविको नाम र कविताको शीर्षक लेख्नुहोस् ।

(ii) मस्तिष्कको यो सुनको छाना' भनेको के हो ?

(iii) 'मस्तिष्क' र 'अपार' शब्दका अर्थ लेख्नुहोस् ।

(ग) 'छोरोलाई' कवितामा कविले कस्तो छोराको चाहना राखेका छन् र किन ?

7. तलका कुनै चार प्रश्नका उत्तर दिनुहोस् – **3 × 4 = 12**

(क) **टोटलाको फूल** कथामा लेखकले युवतीको जीवनलाई टोटलाको फूल जस्तै मानेका छन् विस्तारपूर्वक वर्णन गर्नुहोस् ।

(ख) **हवल्दार** कथाका आधारमा हवल्दार चरित्र चित्रण गर्नुहोस् ।

(ग) "मानिसलाई राम्रो देख्ने त उसको शीलस्वभाव, काम, चाल–चलन र चरित्र हो लुगा–फाटा होइन ।" उक्त वाक्यमा लक्ष्मीले के भन्न चाहेकी छन्, स्पष्ट पारेर लेख्नुहोस् ।

(घ) लक्ष्मीले किन आफनो मनको कुराहरू छोरीलाई सुनाउन चाहन्न थिइन् ?

(ङ) हवल्दार कस्तो किसिमको व्यक्ति थियो ?

8. (i) साहित्यकार इन्द्रबहादुर राईले कुन–कुन पुस्तकबाट पुरस्कार प्राप्त गरेका छन् ? लेख्नुहोस् । **2 × 1 = 2**

(ii) साहित्यकार हरिभक्त कटुवालका कृतिहरूमा विशेष गरेर कुन कुराको वर्णन पाइन्छ ? **2 × 1 = 2**

---

www.careerindia.com